गन्यापधुरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

## स्यानिटरि प्याड खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

### दोस्रो पटक प्रकाशित मिति २०८०।०२।३०

यस कार्यालयबाट तपसिलमा उल्लेखित खरिद कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र आह्वान गरिन्छ ।

१) दरभाउपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समय भित्र प्रति दरभाउपत्र रु.१,०००।-(एक हजार) फिर्ता नहुने गरी तिरी आ.व.२०७८।०७९ को कर चुक्ता प्रमाणपत्र, नविकरण गरिएको ईजाजत प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी निवेदन साथ संलग्न राखी यस कार्यालयको खरीद ईकाईबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र दस्तुर यस कार्यालयको नेपाल एसविआईबैंक गणेशपुर स्थित आन्तरकि राजस्व खाता नं. ग १.१ ४१९९५२४१२०७००४ मा जम्मा भएको सक्कली भौचर पेश गरी वा यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको भौचर पेश गरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा कागजात दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

३) खरिद भएका दरभाउपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्रमा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं. GDRM/Edu./01-2079/080, कामको विवरण, दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप सहित सिलबन्दी लाहाछाप गरेर पेश गर्नु पर्ने छ । दर्ता भएका दरभाउपत्र यस कार्यालयमा सोही दिन दिनको २:०० बजे कार्यलयका प्रतिनिधी र दरभाउपत्रदाताका प्रतिनिधिको राहोवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा हुने छैन ।

४) दरभाउपत्रसाथ धरौटी वापत देहायमा उल्लेख भए अनुसारको रकम यस कार्यालयको नाममा नेपाल एसबआिई बैङ्क गन्यापधुरा डडेल्धुरा शाखामा रहेको धरौटी खाता नं. ग ३ ४१९२५२४०६००००३ मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट १२० दिनको मान्य अबधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गनुपर्ने छ ।

५) दरभाउपत्र शर्त रहित, यस कार्यालयले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ, समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारबाही हुने छैन ।

६) एक व्यक्ति वा फर्मको नाममा खरिद भएका दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

७) दरभाउपत्र भर्दा दरेट स्पष्ट रुपमा अंक र अक्षर उल्लेख गर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

८) दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्न, वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) दरभाउपत्र स्विकृत लागत अनुमान र प्रस्ताबित बजेट अनुसार आह्वान गरेतापनि भुक्तानी दिदा चालु आ.व. मा स्विकृत बजेट अनुसार भुक्तानी गरिने छ, भुक्तानी हुन बाकी रहेमा आगामी आ व मा भुक्तानी हुनेछैन ।

११) दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२) कुनै कारणबाट ठेक्का रद्द भएमा दरभाउपत्रदाताले कुनै किसिमको क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

१३) दरभाउपत्र सम्बन्धी यस सूचनामा नपरेका अन्य कार्यविधीहरु, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली,२०६४ (संशोधन सहित) बमोजिम हुनेछ । दरभाउपत्र सम्बन्धि अन्य व्यवस्थाहरु दरभाउपत्र फाराममा उल्लेख भएको विशेष शर्त तथा साधारण शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

१४) यस सूचनामा कुनै संशोधन भएमा त्यसको जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । कामको विवरण निम्नअनुसारको छ ।

कार्य विवरण :

| क्र.सं. | ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान रकम (मु.अ.कर सहित) | धरौटी रकम (Bid Security) | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GDRM/Edu./01-2079/080 | Supply and delivery of Sanitary Pad | 1000999.94 | 25025 | 1000.00 | |

(दिलिप कुमार तामाङ)
प्रमुख प्रशासकीय अधिकृत

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकिय अधिकृत

CamScanner